मेलौली नगरपालिका
मेलौली नगरकार्यपालिकाको कार्यालय
मेलौली, बैतडी
७ नं. प्रदेश, नेपाल

# मेलौली नगरपालिकाको बैठक तथा भ्रमण खर्च सम्बन्धी निर्देशिका, २०७५

**मेलौली नगरपालिका बाट स्विकृत मिति: २०७५।०३।०४**

मेलौली नगरपालिका

# मेलौली नगरपालिकाको बैठक तथा भ्रमण खर्च सम्बन्धी निर्देशिका, २०७५

२०७५ सालको नियम नं. ४

नगरपालिकामा बस्ने बैठकहरु तथा पदाधिकारीहरुबाट हुने भ्रमणको खर्चलाई सुव्यवस्थित बनाउन नगर कार्यपालिकाबाट स्विकृत गरी यो निर्देशिका लागु गरिएको छ।

## १. नगर सभामा बैठक भत्ता सम्बन्धी व्यवस्था

(क) नगर सभामा उपस्थित पदाधिकारीहरुले प्रत्येक नगर सभा बैठकमा प्रति बैठक रु. १००० (एक हजार) का दरले बैठक भत्ता पाउने छन्। जसमा १५ प्रतिशत कर कट्टि गरी भत्ता प्राप्त गर्नेछन्। यसमा नगर सभाको सचिवको भुमिका निर्वाह नर्ने कर्मचारी समेत सदस्यका रुपमा समावेश हुनेछन्।

(ख)नगर सभा सदस्य बाहेकका नगर सभा वैठक संचालनमा सहयोग पुऱ्याउने ३ जना सम्म सहायक र सहयागि कर्मचारीहरुले समेत १००० (एक हजार) का दरले १५ प्रतिशत कर कट्टि गरी भत्ता प्राप्त गर्नेछन्। सुरक्षाकर्मीको व्यवस्था गरिएको भए तीन जना सम्म सुरक्षा कर्मीले दैनिक ३५० को दरले कर कट्टि नगरी खाजा खर्च पाउनेछन्।

## २. नगर कार्यपालिका बैठक भत्ता

(क) नगर कार्यपालिकाको उपस्थित पदाधिकारीहरुले प्रत्येक बैठकमा प्रत्येकले १००० (एक हजार) का दरले बैठक भत्ता पाउने छन्। जसमा १५ प्रतिशत कर कट्टि गरिनेछ। यसमा नगर कार्यपालिकाको सचिवको भुमिका निर्वाह नर्ने कर्मचारी समेत सदस्यका रुपमा समावेश हुनेछन्।

(ख)नगर कार्यपालिका सदस्य बाहेकका वैठक संचालनमा सहयोग पुऱ्याउने ३ जना सम्म सहायक एवं सहयागि कर्मचारीहरुले समेत रु.१००० (एक हजार) का दरले १५ प्रतिशत कर कट्टि गरी भत्ता प्राप्त गर्नेछन्।

## ३. वडा समितिको बैठक भत्ता

(क) वडा समितिको बैठकमा उपस्थित पदाधिकारीहरुले प्रत्येक बैठकमा प्रत्येकले रु. १००० (एक हजार) का दरले बैठक भत्ता पाउने छन्। जसमा १५ प्रतिशत कर कट्टि गरिनेछ। यसमा बैठकको सचिवकार्य गरेका वडा सचिव समेत सदस्यका रुपमा समावेश हुनेछन्।

(ख) वडा समिति सदस्य बाहेकका वैठक संचालनमा सहयोग पुऱ्याउने १ जना सम्म कर्मचारीहरुले समेत १००० (एक हजार) का दरले १५ प्रतिशत कर कट्टि गरी भत्ता प्राप्त गर्नेछन्।

(ग) एक महिनामा बढीमा तीन पटक सम्मका लागि वडा समितिको बैठकका लागि भत्ताको व्यवस्था हुनेछ।

## ४. विषयगत समितिहरुका बैठक भत्ता

मेलौली नगरपालिका

(क) विषयगत समितिको बैठकमा उपस्थित पदाधिकारीहरुले प्रत्येक बैठकमा प्रत्येकले रु. १००० ( एक हजार) का दरले बैठक भत्ता पाउने छन् । जसमा १५ प्रतिशत कर कट्टि गरिनेछ । यस बैठकको सचिव कार्य गरेका कर्मचारी समेत सदस्यका रुपमा समावेश हुनेछन् ।

(ख) विषयगत समिति सदस्य बाहेकका वैठक संचालनमा सहयोग पुऱ्याउने १ जना सम्म कर्मचारीहरुले समेत १००० (एक हजार) का दरले १५ प्रतिशत कर कट्टि गरी भत्ता प्राप्त गर्नेछन् ।

## ५. बजेट निर्माण सम्बन्धी समितिहरुको बैठक भत्ता

(क) बजेट निर्माण सम्बन्धि समितिको बैठकमा उपस्थित सदस्यहरुले प्रत्येक बैठकमा प्रत्येकले रु. १००० (एक हजार) का दरले बैठक भत्ता पाउने छन् । जसमा १५ प्रतिशत कर कट्टि गरिनेछ ।

(ख) बजेट समिति सदस्य बाहेकका वैठक संचालनमा सहयोग पुऱ्याउने २ जना सम्म कर्मचारीहरुले समेत १००० (एक हजार) का दरले १५ प्रतिशत कर कट्टि गरी भत्ता प्राप्त गर्नेछन् ।

(ग) बजेट निर्माणमा खटिएका प्रमुख प्रशासकीय अधिकृत र राजस्व वा लेखा शाखा प्रमुखलाई प्रोत्साहन भत्ता स्वरुप १.५ महिनाको तलबस्केल बराबर उपलब्ध गराइनेछ ।

## ६. गाउँ सभा अन्तर्गतका समितिहरुको बैठक भत्ता

(क) गाउँ सभा अन्तरगतका समितिहरुको बैठकमा उपस्थित सदस्यहरुले प्रत्येक बैठकमा प्रत्येकले रु. १००० (एक हजार) का दरले बैठक भत्ता पाउने छन् । जसमा १५ प्रतिशत कर कट्टि गरिनेछ ।

(ख) समितिका सदस्यहरु बाहेकका वैठक संचालनमा सहयोग पुऱ्याउने २ जना सम्म ( कर्मचारीहरुले समेत १००० (एक हजार) का दरले १५ प्रतिशत कर कट्टि गरी भत्ता प्राप्त गर्नेछन् ।

## ७. भर्मण खर्च सम्बन्धी व्यवस्था

(क) नगरपालिकाको काम काजमा भ्रमण प्रयोजनका निमित  नगरपालिकानगर प्रमुख, नगर उप-प्रमुखले भ्रमण खर्च नियमावली २०६४ बमोजिम द्धितीय  तहले प्राप्त गर्ने भत्ता पाउनेछन् । त्यस्तै वडा अध्यक्ष  वा वडा सदस्यहरुले सोहि नियमावलीकै तृतीय तहले पाउने भत्ता पाउनेछन् ।

(ख) भ्रमणमा भ्रमण खर्च नियमावली २०६४ बमोजिमभ्रमण खर्च उपलब्ध हुनेछ । गाष्ठी, सेमिनार, तालिम आदिमा आयोजक संस्थाले भ्रमण खर्च व्यहोर्ने भनि उल्लेख भई आएमा नगरपालिकाबाट भर्मण खर्च भुक्तानी हुनेछैन ।

(ग)नगर उप-प्रमुख  र वडाध्यक्ष र वडा सदस्यहरुको काज नगर प्रमुखबाट स्विकृत हुनेछ ।

(घ) नगरपालिका तथा वडा कार्यालयमा कार्यरत कर्मचारीहरुको काज स्विकृती प्रमुख प्रशासकीय अधिकृतबाट हुनेछ ।

## ८. आयोजना अनुगमन सम्बन्धमा

नगरपालिकाबाट सञ्चालित आयोजना अनुगमन गर्दा पदाधिकारी तथा कर्मचारीले आयोजना व्यवस्थापन खर्च (कन्टेन्जेन्सी) वा अनुगमन तथा मुल्याङ्कन खर्चबाट अनुगमन मुल्याङ्कन भत्ता पाउनेछन् ।

९. संचार खर्चः

(क) २०७४ पुष १ गते बाट लागु हुने गरी संचार खर्च वाफत नगरपालिका नगर प्रमुख, नगर उप-प्रमुखलाई रु. २००० (दुई हजार ) र वडा अध्यक्षलाई रु. १५००(पन्ध्र सय) उपलब्ध गराईनेछ ।

(ख) त्यसै गरी २०७५ बैशाख १ गते बाट लागु हुने गरी संचार खर्च वाफत कार्यपालिका सदस्यलाई रु. १०००(एक हजार) र वडा सदस्यलाई रु.५००(पाच सय)उपलब्ध गराईनेछ ।

१०. यो निर्देशिका, २०७४ श्रावण १ गते देखि प्रदेश सभाले कानून नबनाउँदा सम्म लागु हुनेछ ।

आज्ञाले

लोकेन्द्र सिंह नेगी

नि.प्रमुख प्रशासकीय अधिकृत

मेलौली नगरपालिका